# बुटवल उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही

## चमेनागृह संचालन तथा ब्यबस्थापन सम्बन्धी बोलपत्र आव्हानको सूचना
(आय ठेक्का नं.०६ /०८०/०८१)

दोस्रो पटक प्रकाशित मिति २०८०/०८/१०

बुटवल उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालय परिसरमा रहेको भवनमा चमेना गृह संचालन व्यवस्थापन कार्यका लागि आय ठेक्का बन्दोबस्त गरी निजी क्षेत्र मार्फत गराउनु पर्ने भएको हुंदा तोकिएको शर्त, नियम तथा प्रावधान भित्र रही उक्त चमेनागृह संचालन तथा ब्यबस्थापन गर्न इच्छुक नेपाल सरकारबाट इजाजत प्राप्त फर्म, कम्पनीबाट (नियमानुसार प्रमाण पत्र नविकरण भएका) रित पूर्वकको बोलपत्र विद्युतिय माध्यम (e-Bidding) तथा कार्यालयबाट सोझै खरिद गरेको बोलपत्र फारम भरी पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

शर्त, नियम तथा प्रावधानहरु :-

१. विद्युतीय **(Electronicaly)** बोलपत्र खरिद गर्न बोलपत्रदाताले बोलपत्र दस्तुर वापत रु. १०००/- (एक हजार रुपैया मात्र) (पछि फिर्ता नहुने) राष्ट्रिय बाणिज्य बैक बुटवल शाखाको आन्तरिक श्रोत बुटवल उप महानगरपालिकाको (कार्यालय कोड नं.८०१०५४८०१) ३१२०१००३०१०१०००२ मा जम्मा गरी PPMO को **Website:http//www.bolpatra.gov.np** बाट **Download** गरी तथा बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयको प्राकृतिक श्रोत तथा सम्पत्ति व्यवस्थापन/राजश्व शाखाबाट मिति २०८०।०८।२४ गते सम्म कार्यालय समय भित्र बोलपत्र फारम खरिद गर्न सकिनेछ ।

२. मिति २०८०/०८/२५ गते दिनको १२:०० बजे भित्र वोलपत्रहरु विद्युतिय माध्यम **(E-Submitted)** बाट वा कार्यालयमा सोझै (शिलबन्दी) दाखिला भईसक्नुपर्नेछ । सोही दिन दिनको १.०० बजे बु.उ.म.न.पा. नगरकार्यापालिकाको कार्यालयमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. वोलपत्रदाताले वोलपत्रसाथ आफुले कवोल गरेको कुल ठेक्का अंक प्रति दुई वर्षमा १० प्रतिशतका दरले बृद्धि हुने रकम समेतको कुल अंक (भ्याट सहित) को ५ प्रतिशतले हुने धरौटी रकम यस कार्यालयको रा.वा. बैक बुटवल शाखामा रहेको कार्यालयको कोड नं. ८०१०५४८०१ धरौटी खाता नं. ३१२०१००३०३००००२ मा जम्मा गरेको सक्कलै भौचर वा वोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मितिले कम्तीमा ९० दिन सम्म म्याद भएको बुटवल उपमहानगरपालिका नगरकार्यापालिकाको कार्यालयको नाममा जारी गरिएको (क) वर्गको वाणिज्य बैंक जमानीपत्र (विडवण्ड) पेश गर्नुपर्नेछ ।

४. कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार वुटवल उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।

५. नेपाल सरकारलाई बुझाउनु पर्ने प्रचलित ऐन नियमानुसारको कर (मुल्य अभिबृद्धि कर, तथा अन्य कर) बोलपत्रदाता स्वयंले बुझाउनु पर्नेछ ।

६. अन्य कुराहरु स्थानीय सरकार संचालन ऐन २०७४, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली २०६४, आय ठेक्का वन्दोवस्त गर्ने सम्वन्धी नियमावली, २०७६ र प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

७. बोलपत्र फारमको साथमा अनिवार्य पेश गर्नु पर्ने कागजातहरु

क) होटेल/चमेनागृह/रेष्टुरेण्ट/क्याटेरिङ्ग सञ्चालन गर्ने मुख्य उद्देश्यले नेपाल सरकारको आधिकारिक निकायमा दर्ता भएको प्रमाणपत्र (नवीकरण भएको)

ख) स्थायी लेखा नम्बर दर्ता/मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

ग) आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

मित्रमणी खनाल
नि. प्रमुख प्रशासकीय अधिकृत

८. बोलपत्र फारमको प्रत्येक पानामा बोलपत्रदाताको आधिकारिक सही तथा फर्म/संस्था/कम्पनीको छाप लागेको हुनु पर्नेछ ।

९. बोलपत्र फारम विक्री गर्ने, दर्ता गर्ने, अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा क्रमशः विदा पछि कार्यालय खुलेको दिन उल्लेखित समय र स्थानमा बोलपत्र फारम विक्री गर्ने, दर्ता गर्ने, तथा खोल्ने कार्य हुनेछ ।

१०. सिलवन्दी नभएको, म्याद नाघी आएको, रीत नपुगेको, कुनै शर्त राखिएको, न्यूनतम योग्यता प्रमाणित गर्ने कागजातहरुको प्रतिलिपि पेश नभएको बोलपत्र उपर कुनै कारवाही गरिनेछैन र मूल्यांकन प्रक्रियामा समावेश गरिने छैन ।

११. बोलपत्र फारममा आफूले कवोल गरेको अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी छुट्टाछुट्टै लेख्नुपर्नेछ । अंक र अक्षरको विचमा फरक परेमा अक्षरमा अंकित मूल्यलाई मान्यता दिइनेछ । बोलपत्र फारममा केरमेट गरिएको ठाउँमा बोलपत्रदाताले सही गर्नु पर्नेछ ।

१२. चमेनागृह सञ्चालनका लागि खाद्य सामाग्री, किचन भाडा, उपकरण लगायतका अन्य सामग्रीहरुको व्यवस्थाको सुनिश्चितता र सामानको आन्तरिक सुरक्षा प्रस्तावक स्वयंले गर्नु पर्नेछ ।

१३. चमेनागृह सञ्चालकले सम्झौता भएको मितिले ५ (पाँच) वर्ष सम्म चमेनागृह सञ्चालन गर्न पाउनेछ ।

१४. चमेनागृहको लागि बुटवल उपमहानगरपालिकाले ४१३.८० वर्ग मिटरको एक तले भवन र फर्निचर उपलब्ध गराउनेछ ।

तपसिल

| आय ठेक्का नं. | कामको विवरण | न्यूनतम ठेक्का अंक (सरकारी कर र भ्याट वाहेक) (५ वर्षका लागि) | खाना तथा खाजाको दररेट | वोलपत्र फाराम दस्तुर (पछि फिर्ता नहुने) | वोलपत्रत्र (**E-Submitted** तथा हार्ड कपी) दाखिला भईसक्नुपर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|
| ०६/०८०/०८१ | चमेनागृह सञ्चालन तथा व्यवस्थापन | मासिक वहाल रु.५०,०००/ (पचास हजार मात्र) | वोलपत्र फारममा संलग्न | रु.१०००/०० | मिति २०८०।०८।२५ गते दिउंसो १२ बजे सम्म |

मित्रमणी खनाल
नि. प्रमुख प्रशासकीय अधिकृत

बुटवल उप महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही